# हिमालयन पावर पार्टनर लिमिटेड
# Himalayan Power Partner Ltd.

पो.ब.नं. १२५३८, महाराजगञ्ज, काठमाडौं, फोनः ९७७-१-४००२८०१, फ्याक्सः ९७७-१-४४१४५१७
E-mail: hpphydro@gmail.com, Website: www.hpp.com.np

## नवौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०९/०९ गते)

**श्री आदरणीय शेयरधनीमहानुभावहरु,**

उपरोक्त सम्बन्धमा यस हिमालयन पावर पार्टनर लिमीटेडको मिति २०७८/०९/०७ गतेका दिन बसेको सञ्चालक समितिको ४७औ बैठकको निर्णयानुसार कम्पनीको साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न विषयहरु माथी छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रशित गरिएको छ । साधारणसभाका दिन निम्नलिखित मिति, स्थान र समयमा शेयरधनी महानुभावहरुलाई उपस्थितीका लागि हार्दिक अनुरोध गरिन्छ ।

**सभाहुने मिति** : २०७८ साल पुष महिना ३० गते शुक्रबार ।
**सभाहुने स्थान** : लौनचौर ब्यांक्वेट, लौनचौर, काठमाण्डौ ।
**सभा शुरु हुने समय** : बिहान ९:०० बजे ।

**छलफलका विषयसूचीहरु :**

**क. सामान्य प्रस्तावहरुः**

१. सञ्चालक समितिको आ.ब. २०७७/०७८ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात तथा मिति २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्तसम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।
३. आर्थिक बर्ष २०७८/०७९ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्न ।
४. संस्थापक शेयरधनीहरु (समूह “क”) बाट प्रतिनिधित्व गर्ने ४ जना र सर्बसाधारण शेयरधनीहरु (समूह “ख”) बाट प्रतिनिधित्व गर्ने २ जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।
५. स्वतन्त्र संचालक नियुक्त गर्ने सम्बन्धमा ।

**ख. बिशेष प्रस्तावहरुः**

१. कम्पनीले सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको आर्थिक सहयोग रकम रु २,७१,२५० लाई अनुमोदन गर्ने सम्बन्धमा ।
२. कम्पनीले आफ्नो चुक्ता पूँजी र सञ्चित मुनाफाभन्दा बढी हुने गरी लिएको ऋण अनुमोदन गर्ने सम्बन्धमा ।

**ग. विविध सम्बन्धमा ।**

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारी :**

१. साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयर दाखिल खारेज (शेयर दर्ता किताब) मिति २०७८/०९/१८ गते १ दिन बन्द रहनेछ । दाखिल खारेज (शेयरधनी दर्ता पुस्तिका) बन्द हुनुभन्दा अघिल्लो दिनसम्म अर्थात मिति २०७८/०९/१७ गते सम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई दाखिल खारेज बन्द भएको मितिले ५ (पाँच) कार्य दिनभित्र शेयर नामसारी भई कायम भएका शेयरधनीहरुले उक्त साधारण सभामा भाग लिन, मतदान गर्न पाउने व्यहोरा अनुरोध छ ।
२. कम्पनीको साधारण सभाको सूचना, वार्षिक प्रतिबेदन, वित्तीय विवरण आदि शेयरधनी महानुभावहरुले कम्पनीको वेबसाइट www.hpp.com.np हेर्न र डाउनलोड गर्न सक्नु हुनेछ ।
३. कम्पनीको कार्यालय महाराजगञ्ज, काठमाडौंमा ४८ घण्टा अगावै प्रोक्सी दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुन आवश्यक छ ।
४. प्रतिनिधि (प्रोक्सी) नियूक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा प्रोक्सी दिइएको भए तापनि स्वतः वदर हुनेछ ।
५. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियूक्त गरि प्रोक्सी दिएमा सम्पूर्ण प्रोक्सीहरु स्वतः बदर हुनेछ ।
६. नाबालक वा बिक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लागत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।
७ शेयरधनीहरुले व्यक्त गरेका मन्तब्य वा प्रश्नहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले वा अध्यक्षको अनुमति पाएका व्यक्तिले उत्तर दिइनेछ ।
८. सभामा भाग लिने प्रत्येक शेयरवाला महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ८ बजेदेखि सभा समय सम्म खुल्ला रहनेछ ।
९. संचालक समितिको निर्वाचन सम्बन्धी विस्तृत कार्यक्रम सहितको सूचना निर्वाचन अधिकृतमार्फत कम्पनीको रजिष्टर्ड कार्यालय, महाराजगंज, काठमाडौंको सूचना पार्टीमा साधारण सभा हुनु भन्दा १५ दिन अगावै टाँस गरिनुका साथै कम्पनीको वेवसाइट www.hpp.com.np मा समेत राखिने छ ।
१०. साधारणसभा सम्बन्धी थप जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालयको फोन नं. ४००२८०१ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।